नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# सूचना विभाग

## पत्रकार आधारभूत प्रशिक्षण सञ्चालन गर्नको लागि
## आशय पत्र माग गरिएको सूचना

(प्रथम पटक प्रकाशित : २०७४/०४/२४)

१. सूचना विभागबाट आ.व. २०७४/०७५ को लागि पत्रकार आधारभूत प्रशिक्षण कार्यक्रम तोकिएको विषय, अवधि, संख्या र स्थानमा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था वा कम्पनीहरुसँग आशयपत्र माग गरिएको छ ।

२. प्रस्तावित प्रशिक्षण कार्यक्रमको खर्च नेपाल सरकारको श्रोतबाट व्यहोरिनेछ ।

३. तालिमको क्षेत्र : आधारभूत पत्रकारिता

४. तालिम सञ्चालन गर्नुपर्ने स्थान : प्रत्येक प्रदेशमा एक कार्यक्रम हुने गरी जम्मा सात स्थानमा

५. आशयपत्रदाता फर्म, संस्था वा कम्पनीको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-
(क) फर्म, संस्था वा कम्पनी सम्बन्धित कार्य गर्ने गरी दर्ता/नवीकरण भएको (ख) स्थाई लेखा नं. वा मु.अ.क.मा दर्ता भएको (ग) समान प्रकृतिको काममा विगत ५ वर्ष देखि संस्थागत कार्य गरेको अनुभव भएको (घ) प्राविधिक/ आर्थिक क्षमता, अनुभव र योग्यता सम्बन्धित विषयको प्रशिक्षण दिलाउन ग्राह्य भएको (ङ) फर्म, संस्था वा कम्पनीहरुको उद्देश्य सम्बन्धित प्रशिक्षण सञ्चालन गर्न मिल्ने देखिएको

६. आशयपत्रदाताले पेश गर्नुपर्ने कागजात र विवरण देहाय अनुसार हुनेछ :-
(क) फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. वा मू.अ.क.को दर्ता प्रमाणपत्रको प्रतिलिपि, (ख) आ.व. २०७२/७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र सोही आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि (ग) फर्म, संस्था वा कम्पनीको विवरण, संगठन, जनशक्ति साथै प्रवन्धपत्र र नियमावली/विधानको प्रतिलिपि (घ) विगत ५ वर्षमा सम्पन्न गरेको तालिम, प्रशिक्षणको काम, स्थानको विवरण (ङ) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

७. आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता मुल्याङ्कन गरी विभागले सम्बन्धित परामर्श सेवा दिन सक्ने योग्य आशयपत्रदाताहरुको छनोट गरी संक्षिप्त सूची तयार पार्नेछ । संक्षिप्त सूचीमा परेका फर्म, कम्पनी वा संस्थाबाट मात्र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आर्थिक र प्राविधिक प्रस्ताव माग गरिनेछ ।

८. प्रस्तावित कार्यक्रम चा.लु. आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. आशयपत्र सम्बन्धी प्रस्ताव फारम यस विभागको योजना तथा प्रशासन शाखाबाट रु. १०००।-( रु. एक हजारमात्र, फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ । यसका लागि पत्र सहित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, स्थाई लेखा नं. वा मु.अ.क.मा दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१०. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र विभागको प्रशासन तथा योजना शाखामा आशयपत्र शिलबन्दी गरी दर्ता गर्नुपर्नेछ । अन्तिम मितिको दिन विदा परेमा सोको भोलीपल्ट कार्यालय समयभित्र दर्ता गर्नुपर्नेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त आशयपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. आशयपत्रदाताहरुबाट पेश गरिने कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणीत गरिएको हुनुपर्नेछ ।

१२. आशयपत्र कुनै कारण जनाई वा नजनाई छनौट र सूचीकृत गर्ने वा नगर्ने अधिकार विभागमा निहित रहनेछ ।

१३. यस सम्बन्धी थप जानकारीको लागि यस विभागको योजना तथा प्रशासन शाखा वा फोन नं. ०१-४११२५५१ मा सम्पर्क गर्न सकिनेछ । साथै यो सूचना विभागको वेवसाइट www.doinepal.gov.np मा समेत हेर्न सकिनेछ ।